निर्णयहरु :-

१) विश्वब्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID 19) को संक्रमण यस गाउँपालिकामा समेत देखिसकेको परिप्रेक्ष्यमा COVID 19 सङ्क्रमणको लक्षण देखिएका र Contact tracing मा परेका व्यक्तिहरुको वडा स्तरीय विपद व्यवस्थापन समिति र सम्बन्धित वडाको स्वास्थ्य संस्थाको सिफारिसमा स्वाब संकलन गरि PCR परिक्षण गराउन गाउँपालिकाको स्वास्थ्य शाखाको संयोजनमा हप्ताको दुई दिन श्री सूर्योदय मा.वि. सरिखेतमा स्वाब संकलन कार्य गर्ने भनि निर्णय गरियो । साथै स्वाब संकलन कार्यका लागी आवश्यक जनशक्ति (ल्याव असिस्टेन्ट) पदपूर्तिका लागि प्रक्रिया अघि बढाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

२) गाउँपालिका भित्र भेटिएका COVID 19 संक्रमितहरुलाई राख्ने Isolation Ward को व्यवस्थापनका लागि गाउँपालिका संग पर्याप्त प्रविधि र प्राविधिक नभएकाले सो सम्बन्धमा जिल्ला विपद व्यवस्थापन समिती समक्ष अनुरोध गर्दै संक्रमितहरुको उचित हेरचाह एवं उपचारको प्रबन्ध मिलाउने निर्णय गरियो ।

३) नेपाल सरकारले COVID 19 संक्रमणको जोखिमलाई मध्यनजर गर्दै विभिन्न स्थानहरुमा निषेधाज्ञा जारी गरेको र मकवानपुर जिल्लाको हेटौडा उ.म.न.पा., थाहा न.पा. र भीमफेदी गा.पा.को सम्पूर्ण क्षेत्र र मनहरी गा.पा. को पुर्व पश्चिम राजमार्गको दायाँ/बायाँ ५००/५०० मिटरको क्षेत्रमा मिति २०७७/०५/१५ गते राती १२:०० सम्म निषेधाज्ञा जारी गरिएको अवस्थामा यस गाउँपालिका पनि सङ्क्रमणको उच्च जोखिममा रहेकोले अर्को निर्णय नभएसम्म गाउँपालिका प्रवेशका मुख्य नाकाहरु मनहरी-चैनपुर सडक, सिम्पानी-सरिखेत सडक, भण्डारा-काँकडा सडक, खरङ्गा-भाटी सडकबाट अत्यावश्यक बाहेकका सम्पूर्ण आवतजावतहरु बन्द गर्ने र गाउँपालिका क्षेत्रभित्र पनि अनावश्यक हीँडडुल, सार्वजनिक कार्यक्रम, सभा समारोह आदि कार्यहरु नगर्ने नगराउने र सोको निगरानी गर्न सुरक्षा निकाय, वडा स्तरीय विपद व्यवस्थापन समिति र प्रत्येक वडाका विपद व्यवस्थापन स्वयमसेवकहरुलाई परिचालन गर्ने निर्णय गरियो ।

४) २०७७ सालको मनसुन चलिरहेको अवस्थामा यस वर्ष मनसुनजन्य प्रकोपको कारणले भएको धनजनको क्षतिको तथ्याङ्क संकलन गरि गाउँ कार्यपालिकाको कार्यालयमा पठाउन सबै वडा कार्यालयहरुलाई निर्देशन दिने र क्षतिग्रस्त घरपरिवारलाई गाउँ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ अनुसार राहत उपलब्ध गराउने साथै मनसुनजन्य विपदको कारणले हुनसक्ने क्षतिबाट बच्न सबैलाई सजग र सचेत रहन आग्रह गर्ने निर्णय गरियो ।

मिति:२०७७/०५/०८

राजकुमार मल्ल
अध्यक्ष